# मिथिला बिहारी नगरपालिका

## Mithila Bihari Municipality

## नगर कार्यपालिकाको कार्यालय

## Office of the Municipal Executive

तारापट्टी, धनुषा (Tarapatti, Dhanusha)

प्रदेश नं. २, नेपाल (Province No. 2, Nepal)


प. सं. (L. No.):- २०७७/०७८ मिति (Date):- २०७८/०३/१०

च. नं. (Ref. No.):- १६२४

विषय : फर फराक तथा भुक्तानी सम्बन्धमा ।

श्री सरोकारवला सबै

उपरोक्त सम्बन्धमा यस कार्यालय सँग सम्झौता गरि सन्चालन भएका विभिन्न योजना तथा कार्यक्रमहरु फर फराक तथा अन्तिम भुक्तानीको लागि २०७८ साल असाढ २० गते सम्म आवश्यक काजगपत्र यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ ।

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३० बमोजीम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तीमा ७ दिन अगावै सबै भुक्तानी दिइ निकासा र खर्च अध्यावधीक गरि भुक्तानी र निकासा बन्द गर्नु पर्ने भएकोले असाढ २५ गते भित्र खर्च हुन नसकेको रकम फिर्ता भौचर सहित कोष तथा लेखा नियन्त्रण कार्यालयमा पेश गर्नु पर्ने र भुक्तानी गरिएको कर कट्टी रकम कर कार्यालयमा दाखिला गर्नु पर्ने तथा आ.व. २०७७।०७८ को हिसाव मिलान गरि नेपाल सरकार प्राकृतिक स्रोत तथा वित्त आयोग र प्रदेश सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्ने भएकोले तोकिएको समय सिमा भन्दा पछाडी पेश हुन आएमा भुक्तानीका फाइल कागजातहरु उपर कुनै पनि कारवाही नहुने र भुक्तानी नभएमा कार्यालय जवाफदेही हुने छैन ।

साथै यस कार्यालयबाट कार्यक्रम र योजना सँन्चालन गर्ने क्रममा कुनै कर्मचारी, फर्म संस्था व्यक्ति वा कम्पनीले लिएको पेश्की प्रचलित आर्थिक ऐन नियम बमोजिमको अवधी भित्र पेश्की फछ्यौंट गर्नु पर्नेछ सो अवधी भित्र पेश्की फछ्यौंट नगरे ऐन नियम अनुसार ब्याज सहित सरकारी बाकी सरह असुल उपर गरी पेशकी फछ्यौंट गराइने व्यहोरा समेत सम्बन्धीत सबैमा जानकारीको लागि अनुरोध गरिन्छ ।

(सुभाष कुमार झा)
लेखा शाखा
सुभाष कुमार झा
लेखापाल

(वीरेन्द्र लाल कर्ण)
प्रमुख प्रशासकिय अधिकृत
वीरेन्द्र लाल कर्ण
प्रमुख प्रशासकीय अधि...


E-mail: panjikaran@mithilabiharimun.gov.np Website: www.mithilabiharimun.gov.np